# नेपाल अर्बुद रोग निवारण संस्था

## उदयपुर शाखा

## प्रतिवेदन (आ.व.२०७०/०७१)

## ➲ विश्व धुम्रपान रहित दिवस :




सुर्तीजन्य पदार्थमा कर बढाऔं, रोग तथा मृत्यु घटाऔ भन्ने मुल नाराका साथ नेपाल अर्वुद रोग निवारण संस्था उदयपुर शाखाको मुल आयोजनामा जिल्ला स्वास्थ्य कार्यालय, स्वास्थ्य अधिकार तथा सुर्तिजन्य वस्तु नियन्त्रण संजाल, पेशोक, हुरेण्डेक जस्ता स्वास्थ्य क्षेत्रमा कार्यरत संघ संस्थाहरुको संयुक्त आयोजनामा मिति २०७१ जेष्ठ १७ गते (मे ३१, २०१४) विश्व धुम्रपान रहित दिवस वृहत कार्यक्रम सहित सम्पन्न गरियो । संस्थाले विहान ७:३० वजे प्लेकार्ड व्यानर सहित पिपल चोक वाट ऱ्याली शुरुवात गर्दै धुम्रपान त्यागौ, खैनिसुर्ती जर्दापान यसले लिन्छ हाम्रो ज्यान जस्ता चेतनामुलक नारा लगाउदै गाईघाट वजार परिक्रमा गरेको थियो । वजार परिक्रमा पश्चात ऱ्याली त्रियुगा न.पा हलमा औपचारिक कार्यक्रममा परिणत भएको थियो ।

कार्यक्रममा संस्थाको गतिविधि तथा स्वागत मन्तव्य नि.व.सभापती निगम कुमार कोइरालाले गर्नुभएको थियो भने विशेष अतिथी जिल्ला स्वास्थ्य कार्यालय प्रमुख डा. चुमनलाल दास ज्यूले क्यान्सर रोग कसरी लाग्छ र यसवाट वच्ने उपाय सम्वन्धि विभिन्न उपचारात्मक विधि वारे जानकारी गराउनु भएको थियो । प्रमुख अतिथी प्र.जि.अ.श्री प्रकासजंग कार्किले रोग न्यूनिकरणको लागि प्रचारप्रसार लाई गाँउ तह सम्म पुऱ्याउनु पर्ने कुरामा जोड दिनुभएको थियो । त्यसैगरि संस्थाका सभापती शैलेस वस्नेतले संस्थाका गतिविधि अझ विस्तार रुपमा वढाउदै लैजाने र गाँउ तहसम्म चेतना फैलाउदै लाने प्रतिवद्धता व्यक्त गरे । वस्नेतले क्यान्सर रोगीहरुको सुविधाको लागि एम्वुलेन्सको पहल भैरहेको समेत जानकारी दिए । कार्यक्रममा सुर्तिजन्य वस्तु नियन्त्रण संजालका अध्यक्ष जनक गिरि वाट आफनो मन्तव्य सहित ज्ञापन पत्र सरकार समक्ष वुझाउन सभा समक्ष पढि प्रमुख जिल्ला अधिकारी ज्यूलाई हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा जिल्ला स्थित कार्यालयका प्रमुखहरु, संघ संस्थाका प्रतिनिधि, विधार्थी, पत्रकार तथा स्वास्थकर्मीहरु सहित १९५ जनाको सहभागीता रहेको थियो । सो कार्यक्रमको संचालन शाखा सचिव विनोद कोइरालाले गर्नुभएको थियो ।

## ➲नेपाल अर्बुद रोग निवारण संस्थाको ३१ औं वार्षिकउत्सव



नेपाल अर्बुद रोग निवारण संस्थाको ३१ औं वार्षिकउत्सव कार्यक्रम २०७० भाद्र ३१ गते प्लेकार्ड व्यानर सहित विभिन्न नाराहरु (धुम्रपान त्यागौ त्यागौ, खैनिसूर्ती जर्दापान यसले लिन्छ हाम्रो ज्यान, क्यान्सर निको हुनसक्छ समयमा उपचार गरे) जस्ता चेतनामुलक नाराहरु साथ वजार परिक्रमा गरि एक विशेष समारोहको आयोजना गरि २०० जनाको सहभागीतामा त्रियुगाा नगरपालिकाको सभा भवनमा भव्यताका साथ सम्पन्न गरियो । प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्री राजकुमार श्रेष्ठ तथा विशेष अतिथिको रुपमा स्थानिय विकास अधिकारी श्री गोपाल कुमार अधिकारी, स्वास्थ्य कार्यालयका प्रमुख डा. श्री चुमनलाल दास, नगर अधिकृत श्री खिलराज राईज्यूको उपस्थिती रहेको उक्त कार्यक्रममा शाखा सभापती श्री शैलेस वस्नेतज्यूको सभापतित्वमा सम्पन्न भयो

उक्त अवसरमा संस्थाको गतिविधि तथा कार्यक्रम वारे जानकारी पूर्व सभापती श्री मुकुन्द प्रसाद ढकाल ज्यूले गर्नुभएको थियो भने कार्यक्रममा विशेष अतिथि डा. चुमनलाल दास ज्यूले क्यान्सर रोग न्यूनिकरणको लागि चेतनामूलक कार्यक्रमहरु गाँउ गाँउ सम्म अभियानको रुपमा प्रचारप्रसार गर्नुपर्ने र सवै तहको समन्वय तथा सहकार्यको खाचो रहेको वताउनुभयो । समारोहका प्रमुख जिल्ला अधिकारी श्रेष्ठ ज्यूले क्यान्सर रोग निवारणका लागि हाम्रो गतिविधि र व्यवहार तथा खानपिनमा सुधार ल्याउनुपर्ने र आफनो घरपरिवार वाट शुरुवात गरि न्यूनिकरण गर्न सकिन्छ भन्ने भावना राख्नुभयो भने संस्थाका सभापती शैलेस वस्नेत ज्यूले संस्थाको गतिविधि अझ विस्तार रुपमा वढाउदै लाने र गाँउ गाँउ सम्म चेतना फैलाएर महिलाहरुमा हुने पाठेघरको क्यान्सर सम्वन्धि चाडै गाईघाटमा शिविर आयोजन गर्ने र क्यान्सर रोगीहरुको सुविधाको लागि एम्वुलेन्सको लागि पहल भैरहेको र जिल्लामा क्यान्सर रोग लागेका व्यक्तिहरुको पहिचान डाटा संकलन कार्यलाई अगाडी वढाई थप सहयोग पुऱ्याउदै जाने भनी जानकारी गराउनुभयो ।

उक्त कार्यक्रमको संचालन शाखा सचिव श्री विनोद कोइरालाले गर्नुभएको थियो ।

## ➲क्यान्सर रोगको परिक्षण शिविर

नेपाल अर्वुद रोग निवारण संस्था, उदयपुर शाखाको आयोजनामा तथा भक्तपुर क्यान्सर अस्पतालका विशेषज्ञ डाक्टरहरुको नेतृत्वमा जिल्ला अस्पताल उदयपुरमा २०७१ बैशाख १९ गते शुक्रवारका दिन १ दिने क्यान्सर रोगको परिक्षण तथा महिलाहरुको पाठेघरको मुखमा हुने क्यान्सर (प्यापस्मियर) परिक्षण शिविर तथा निशूल्क औषधि वितरण सम्पन्न गरियो ।

उक्त परिक्षण शिविरको उद्घाटन प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी श्री प्रकासजंग कार्की र विशेष अतिथि संस्थाका राष्ट्रिय उपाध्यक्ष श्री महेश श्रेष्ठ ज्यूले सामुहिक रुपमा व्यानर खोली उदघाटन गर्नुभएको थियो भने शाखा सभापती शैलेस वस्नेतको सभापतित्वमा कार्यक्रम संचालन भएको थियो । कार्यक्रममा विशेष अतिथिको रुपमा त्रियुगा नगरपालिका कार्यकारी अधिकृत खड्ग व.कार्की र जिल्ला स्वास्थ्य कार्यालय प्रमुख डा.चुमन लाल दास रहनुभएको थियो । शिविरमा १७७ जना सेवाग्राहिले प्रत्यक्ष लाभान्वित भए भने ७२ जना महिलाहरुले प्यापस्मियरको सेवा प्राप्त गर्नु भएको थियो ।




मन्तव्यको क्रममा डा. चुमनलाल दास ज्यूले क्यान्सर रोग न्यूनिकरणका लागि आफनो आहार विहार तथा खानपिनमा संयम अपनाउनुपर्ने र सर्ने तथा नसर्ने रोगवारे जानकारी गराउनु भएको थियो भने प्रमुख जिल्ला अधिकारी प्रकासजंग कार्किले शिविरले सर्वसाधरण लाई प्रयक्ष रुपमा सेवा पुऱ्याएको र यस्ता क्रियाकलापहरु लाई अझ ग्रामिण स्तर सम्म आयोजना गरि स्वास्थ्यमा सवैको पहुच पुऱ्याउनु पर्ने मन्तव्य राख्नुभएको थियो भने कार्यक्रको स्वागत मन्तव्य संस्थाका नि.व.सभापती निगम कुमार कोइरालाले गर्नुभएको थियो भने कार्यक्रम संचालन संस्था सचिव विनोद कोइरालाले गर्नुभएको थियो ।

## ➲ २३ औं केन्द्रिय सभामा सहभागीता



नेपाल अर्वुद रोग निवारण संस्थाको २३ औं केन्द्रिय सभा हेटौडामा मकवानपुर शाखाको आतिथ्यमा मिति २०७० पौष २६ र २७ गते उदयपुर शाखा सभापती शैलेस वस्नेतको नेतृत्वमा निवर्तमान सभापती निगम कुमार कोइराला, उप सभापती वासुदेव खतिवडा, सदस्य मान वहादुर वन र लेख वहादुर के.सी सहभागी हुनुभएको थियो । उक्त केन्द्रिय सभामा शाखाको तर्फवाट वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

## ● जनचेतना मुलक कार्यक्रम :

जिल्ला शाखा उदयपुरको आयोजनामा विभिन्न समयमा विध्यालयका छात्र छात्राहरु विच र जिल्ला अस्पतालमा आउनुभएका विरामीहरु लाई अर्वुद रोग निवारण सम्वन्धि चेतनामुलक पर्चा पम्प्लेट, प्रचार सामाग्रीहरु वितरण गरि संस्था सम्वन्धि जानकारीहरु व्रोसरहरु वितरण गरि चेतनामुलक कार्यक्रम लाई निरन्तरता दिदै आएको थियो ।

## ➲भावी योजनाहरु :

- उदयपुरमा केन्द्र सँग समन्वय गरि २ क्षेत्रमा स्वास्थ्य शिविर संचालन गर्ने ।
- उदयपुरको भौगोलिक विकटता तथा धेरै जिल्लाको केन्द्रविन्दु भएकोले केन्द्र सँग माग गर्दै आएको एम्वुलेन्स सम्वन्धि कार्यक्रम जोडदार रुपमा माग गर्दछौ ।
- अर्वुद समवन्धि सचेतना कार्यक्रम क्षेत्रगत रुपमा संचालन गर्दै लगिनेछ ।
- विश्व धुम्रपानरहित दिवस तथा स्थापना दिवस सवै सरोकारवाला निकायको समन्वयमा भव्यताका साथ संचालन गरिनेछ ।

अन्यमा क्यान्सर रोग निको हुन सक्छ यदि समयमा उपचार गर्ने भन्ने नाराका साथ सवैमा सहकार्यको लागि आव्हान गर्न चाहन्छु , नमस्कार ।

Nepal Cancer Relief Society, Udayapur Branch

Programme photo










# Nepal Cancer Relief Society, Udayapur Branch
# Programme photo










Nepal Cancer Relief Society, Udayapur Branch

Programme photo



